# बालबालिका

## १ गर्भवती भएमा

### (१) गर्भावस्ता जानकारी

【सोधपुछ】 स्वास्थ्य हेरविचार व्यवस्थापन डिभिजन ☎03-5744-1661

गर्ववती भए पछी तल उल्लेखित कुनै नगरपालीकाका बिभागलाई जानकारी दिनुहोस र आमा र शिशु हाते पुस्तिका प्राप्त गर्नुहोस ।

【गर्ववती दर्ता कहाँ गराउने】
क्षेत्रीय स्वास्थ्य डिभिजन (प१६)
स्वास्थ्य हेरविचार व्यवस्थापन डिभिजन ☎03-5744-1661
सिटी साखा कार्यालयहरु (प१७)

ओता वार्ड मुख्यालय पहिलो तला "मातृ-शिशु स्वास्थ्य हाते पुस्तिका रिसेप्सन (राती/आइतबार) काउन्टर" (प१५)



### (२) गर्ववती अन्तरवार्ता

【सोधपुछ】 क्षेत्रीय स्वास्थ्य डिभिजन (प१६)

गर्भावस्थाको जानकारी दिएका व्यक्तिलाई मात्र लागू हुन्छ।
गर्भावस्थामा लाग्ने विभिन्न चिन्ता कम गरेर ढुक्क भई बच्चा जन्माउन सूँडेनी, स्वास्थ्य कर्मी आदिसँग परामर्श गरेर त्यसपछि "बच्चा हुर्काइ सहयोग टिकट" दिइनेछ।

### (३) गर्भवती महिलाको स्वास्थ्य जाँच र दन्त परिक्षण・नवजात शिशुको श्रवण परीक्षण

【सोधपुछ】 क्षेत्रीय स्वास्थ्य डिभिजन ☎03-5744-1661

स्वास्थ्य हेरविचार व्यवस्थापन डिभिजन
सरल गर्भावस्ता र बच्चा जन्माँउनका लागि नियमित स्वास्थ्य जाँच र दन्त परिक्षण गराउनु होस।

(१) गर्भवती स्वास्थ्य जाँच ; नियमित गरिने स्वास्थ्य जाँचमध्ये १४ पटक सम्मको परीक्षण, ४ पटकको अल्ट्रा साउन्ड परीक्षण र पाठेघरको क्यान्सर परीक्षणमा लाग्ने खर्चको केही भाग अनुदानबाट सहयोग गरिनेछ।

(२) गर्ववती भएको बेलामा दाँत सजिलै किराले खान सक्छ र दुलो पर्न सक्छ । १ पटक नि:शुल्क दँत परिक्षण गर्ने ब्यवस्था मिलाईएको छ ।

(३) नवजात शिशुको श्रवण परीक्षण: बच्चा जन्मिएपछि कान परीक्षणको आंशिक खर्च बेहोरिदिनेछ।
※ १~३ को चेकअप कार्ड आमा र शिशु स्वास्थ्य प्याकेज भित्र हुन्छ ।

《महत्वपूर्ण जानकारी 》
यदी तपाईं जापान मा बच्चा जन्माउन चाहनुहुन्छ भने तुरुन्त आँफुले रोजेको स्वास्थ्य संस्थामा समय लिनुहोस ।

### (४) मेडिकल केयरमा छुटको कार्यक्रम :

【सोधपुछ】 क्षेत्रीय स्वास्थ्य डिभिजन (प१६)

उच्च रक्तचाप , मधुमेह , मुटु रोग र रक्त अल्पताको समस्या देखिएका गर्ववती महिलालाई आर्थिक साहायता उपलब्ध गराइनेछ । उक्त आर्थिक सहयोग छुट को मापदण्ड अनुसार दिईनेछ जस्ले आँफैले बिरामी भर्ना गर्दा र उपचार गर्दा स्वास्थ्य बीमाले नतिर्ने आफैले तिर्न पर्ने रकममा पनि छुट दिनेछ ।

### (५) प्रसूतिगृह (भर्ना भई सूँडेनीबाट प्रसूति सेवा पाउने सुविधा)

【सोधपुछ】 सामाजिक कल्याण डिभिजन (प१६)

अस्पतालमा भर्ना भएर प्रसूति सेवा पाउन आर्थिक समस्या हुने गर्भवती महिलालाई ओता वार्डले तोकेको प्रसूतिगृहको परिचय गराइदिनेछ। (योग्यताको लागि वर्षको आयमा सिमित पारिएको छ।) योग्यता आदि बुझ्नको लागि सोधपुछ गर्नुहोस्।

## २ डेलिभरी पछी

### (१) बच्चा जन्मेपछि गर्नुपर्ने प्रकृयाहरु

#### (१) बच्चा जन्मेपछि गर्नुपर्ने प्रकृयाहरु

शिशुको जन्मपछी चिकित्सकबाट प्रमाणपत्र बनाइ १४ दिन भित्रमा जन्मदर्ता निबेदन गरिसक्नु पर्नेछ
【दर्ता गर्ने ठाउँ】
घरेलू वासिन्दा रजिस्ट्री डिभिजन (ओता शहर मुख्य बिल्डिङको पहिलो तल्ला) साखा कार्यालय (प१७)

#### (२) पास्पोर्टको निबेदन

विस्त्रित जानकारीको लागि आफ्नो दुताबासमा सम्पर्क गर्नुहोला

#### (३) बाबु र आमा दुइटै विशेष स्थायी बसोबासी नभएको खण्डमा

बसोबास योग्यता, बसोबास अवधिको प्राप्त अनुमति आवेदन
शिशुको जन्मेको ३० दिनभित्र टोक्यो क्षेत्रीय अध्यागमन सेवा ब्यूरोमा आवेदन दिनुहोला।

※विशेष स्थायी निवासी निवेदन

【सोधपुछ】घरेलू वासिन्दा रजिस्ट्री डिभिजन ☎03-5744-1187

यदी दुबै वा एक अभिभावक बिशेष निवासी भएमा , बच्चा जन्मिएको ६० दिन भित्रमा घरेलू वासिन्दा घरेलू वासिन्दा रजिस्ट्री डिभिजन बिशेष स्थाई निवासीको लागि निवेदन दिन सक्नु हुनेछ । ( सिटी हलको मुख्य भवनको पहिलो तल्ला )

आवश्यक कागजातहरु : जन्मदर्ता, अभिभावक को रेजिडेन्ट प्रमाणपत्र को १ प्रती वा

११


बिशेष स्थाई रेजिडेन्ट प्रमाण पत्र , बच्चा को रेजिडेन्ट प्रमाण पत्रको १ प्रती र बच्चा को पास्पोर्ट (नभएको खन्डमा पेश नगरे पनि हुन्छ ।

## (२) जन्म रिपोर्टिङ फारम / घर भ्रमण अनुरोध फारम

【सोधपुछ】 क्षेत्रीय स्वास्थ्य डिभिजनहरु (प१६)

※आफु बसेको स्थानबाट क्षेत्रीय स्वास्थ्य डिभिजनमा संपर्क गर्नुहोला ।

आमा र बच्चा प्याकेजमा भएको जन्म फारम पनि भर्ने जब गर्भवती भएको सुचना फारम भरिन्छ र क्षेत्रीय स्वास्थ्य डिभिजनलाई तुरुन्त बुझाउनु होला ।



## (३) शिशु संग सम्बन्धित अन्य फाईदाहरु :

| सुबिधाहरु | योग्यता | जानकारी कहाँ लिने |
|---|---|---|
| शिशु भत्ता | जुनियर हाई स्कुल पुरा गर्नु अघी जन्मेको वा पहिला बसेको ठाँउबाट सरेको १५ दिन भित्र आबेदन दिने र अर्को महिना देखी भत्ता दिईनेछ ।<br>*रेइवा ६ साल अक्टोबर पछि शिशु भत्तालाई संसोधन गरिने योजना छ। | बच्चाहरुको लागी चिकित्सा केयर, बाल हेरचाह सहयोग डिभिजन<br>☎03-5744-1275 |
| बच्चाहरुको चिकित्सा खर्चमा छुट | १८ वर्ष सम्मको बच्चा (१८ वर्ष पूरा भएपछिको पहिलो मार्च ३१ तारिखसम्म) | |
| एक्लो बुबा वा एक्ली आमाको परिवार आदिका लागि चिकित्सा खर्च अनुदान | १८ वर्ष सम्मको (अशक्तको लागि २० वर्ष सम्मको) बच्चा हुर्काइरहेका बुबा वा आमा नभएको परिवार | बाल-बालवालिका हुर्काउने साखा, बाल हेरचाह सहयोग डिभिजन<br>☎03-5744-1274 |
| बच्चा सहयोग भत्ता | १८ बर्ष सम्मका बालबालिकाहरु असक्त बालबालिका भएको खण्डमा २० बर्ष सम्म ( बुवा वा आमा नभएको अवस्थामा ) | |
| बच्चा हुर्काउने भत्ता | १८ बर्ष सम्मका बालबालिका जस्को बुवा आमाको पार्पाचुके भएको छ वा निधन भएमा । | |
| असक्त बालबालिका भत्ता | २० वर्ष भन्दा कम उमेरका अशक्त बच्चा | |

### (४) शिशु र बच्चाहरूका लागि स्वास्थ्य जाँच

【सोधपूछ】 क्षेत्रीय स्वास्थ्य डिभिजन (प१६)

ओता शहरले तल दिईएको तालिका अनुरुप बच्चाहरूको लागि स्वास्थ्य चेकअप सञ्चालन गर्दछ ।

<table>
<tr><th>चेकअप</th><th>कार्यक्रम स्थान</th><th>योग्यता, चेकअप कसरी प्राप्त गर्ने</th></tr>
<tr><td>४ महिनको शिशुको चेकअप</td><td>क्षेत्रीय स्वास्थ्य डिभिजन</td><td>योग्य परिवारहरु लाई सुचना पठाईने छ । ओता शहरको मासिक रिपोर्टमा टाईम-टेबुल बारे सुचना दिईनेछ ।</td></tr>
<tr><td>६ देखी ७ महिनको शिशुको चेकअप</td><td rowspan="2">टोकियो महानगरीय क्षेत्रमा तोकीएका मेडिकल केन्द्रहरु</td><td rowspan="2">४ महिनको शिशुको चेकअप को समयमा स्वास्थ्य चेकअप कार्डहरु बितरण गरिन्छ ।</td></tr>
<tr><td>९ देखी १० महिनको शिशुको चेकअप</td></tr>
<tr><td>१८ महिनाको बच्चा को चेकअप</td><td rowspan="3">क्षेत्रीय स्वास्थ्य डिभिजन</td><td rowspan="2">योग्य परिवारहरु लाई सुचना पठाईने छ । ओता शहरको मासिक रिपोर्टमा टाईम-टेबुल बारे सुचना दिईनेछ । दन्त पारीक्षण पनि त्यही बेला गरिनेछ।</td></tr>
<tr><td>३ बर्षको बच्चा को चेकअप</td></tr>
<tr><td>शिशुहरूका लागि दन्त चिकित्सा परामर्श</td><td>३ बर्ष पुगेका, असक्त र प्री-स्कुल जाने बाल बालिकाको रिजर्भेसन गराउन आवश्यक छ ।</td></tr>
<tr><td>बच्चाहरुको दन्त स्वास्थ्य पारीक्षण र फ्लोराईड उपचार</td><td>तोकिएको दन्त पारीक्षण केन्द्र</td><td>२ बर्ष भन्दा माथि र ३ बर्ष सम्मा को बच्चाको १ पटक पारीक्षण गरिन्छ । ३ बर्ष पुगेपछी र बिद्यालय जान सुरु गर्न अघी सम्म ३ पटक पारीक्षण गरिन्छ । १८ महिनाको र ३ बर्षको बच्चाको पारीक्षणका लागि सुचना दिएर जानुहोला ।</td></tr>
</table>

## (५) नियमित खोप

【सोधपूछ】संक्रामक रोग निर्मुलनमुखी  डिभिजन, प्रत्येक क्षेत्रीय स्वास्थ्य डिभिजन (प१६)

| योग्यता | खोप | कार्यक्रम गरिने स्थानहरू | खोपको रसिदहरु |
|---|---|---|---|
| शिशुहरु | ईन्फ्यान्टाईल निउमोकोक्कस | ओता वार्डमा खोप संचालन गर्ने स्वास्थ्य केन्द्रहरु | शिशु जन्मेको २ महिना पूरा नहोउन्जेलसम्ममा संक्रामक रोग निर्मुलनमुखी डिभिजनबाट पठाइन्छ |
| | हेप्पाटाईटिस बी | | |
| | DPT-IPV-Hib ( डिप्थेरिया, पर्टुसिस, टिटानस, निष्क्रिय पारिएको पोलियो र हिब ५ वटाको संयोजन खोप।) | | |
| | BCG | | |
| | MR (मिजल्स र रुबेला डबल चिकन पक्स )※ | | |
| | ठेउला | | |
| | जापानिज ईन्सेफलाईटिस　I | | |
| प्राथमिक विद्यालय बच्चाहरु | जापानिज ईन्सेफलाईटिस　II | | प्राथमिक बिध्यालय ३ कक्षाको बिध्याथी हुँदाखेरि व्यक्तिगत रूपमा पठाइनेछ |
| | DT (डिफ्तेरिया　र टिटानस डबल) | | प्राथमिक बिध्यालय ३ कक्षाको बिध्याथी हुँदाखेरि व्यक्तिगत रूपमा पठाइनेछ |
| माध्यमिक विद्यालयको विद्यार्थी | ह्युमन पापिलोमाभाइरस (पाठेघरको मुखको क्यान्सर रोकथाम भ्याक्सिन) | | प्राथमिक स्कुलको ६ औं कक्षाको विद्यार्थी भएको बेलामा व्यक्तिगत रूपमा पठाइनेछ। |

ओता वार्ड मा बसाइँ सरेको बेलामा गर्नुपर्ने प्रक्रिया तथा जापानिज इन्सेफ्लाइटिसको विशेष प्रावधानको दायरामा पर्ने व्यक्तिको बारेमा सोधपुछ गर्नुहोला।

※ MR दोस्रो खोप लगाउने उमेर पुगेको बेलामा जानकारी पठाइनेछ। हेइसेइ ३० साल फेब्रुअरी २८ तारिखभन्दा अगाडि जन्मेकाहरूलाई चाहिँ MR दोस्रो खोपको अग्रिम सर्वेक्षण पनि उक्त सूचनासँगै संलग्न गरिनेछ।

## ३ बच्चा हुर्काउने :

### (१) नर्सरी स्कुलहरु :

#### (१) नर्सरी स्कुलहरु :

यो आमाबुबा दुवै जनाले जागिर खाएको, बिरामी वा सुत्केरी आदिका कारणले दिनको समयमा बच्चाको हेरचाह गर्न नसक्ने बेला आमाबुबाको सट्टा बच्चाको हेरचाह गर्ने सुविधा केन्द्र हो। ओता वार्ड भित्र सरकारी तथा प्राइभेट गरी जम्मा १९२ वटा (सरकारी ३७ वटा, प्राइभेट १५५ वटा *हाल २०२४ साल मार्च १ तारिख) नर्सरीहरू छन्।
अभिभावकको अघिल्लो वर्षको आय अनुसार नर्सरी शुल्क फरक हुन्छ।

| जिज्ञासा | सम्पर्क |
|---|---|
| भर्ना र निवेदन | नर्सरी सेवा डिभिजन ☎03-5744-1280 |
| नर्सरी स्कुल ब्यवस्थापन | नर्सरी सेवा डिभिजन ☎03-5744-1279 |
| नर्सरी स्कुल शुल्क | नर्सरी सेवा डिभिजन ☎03-5744-1280 |

#### (२) आस्थाई बालबालिका हेरचाह(शुल्क अनिवार्य )

यो हेरचाहको प्रणाली सिमित समयको लागि मात्रै हो । ५ महिना देखी बिद्यालय न जाउन्जेल सम्मका बाचाको लागि ।

#### (३) नियमित बालबालिका हेरचाह(शुल्क अनिवार्य )

अभिभावकहरु पर्ट -टाइम जागिर र ब्रिद्धहरुको हेरचाहमा ब्यस्त भएको बेलामा नियमित बालबालिका हेरचाह १ वा २ बर्षका बाल बालिकाको लागि उपलब्ध छ । ( कहिलेकँही १ बर्ष मुनिका बच्चा को लागि पनि सेवा उपलब्ध हुन्छ । )

#### (४) आकस्मिक अस्थायी नर्सरी(शुल्क अनिवार्य )

【सोधपुछ】 नर्सरी सेवा डिभिजन ☎03-5744-1617
अभिभावकहरु ले बिरामी परेर अथवा अर्को बच्चा जन्माउन मा ब्यस्त भएर हेरचाह नपाएका बालबालिकालाई आक्समिक रूपमा चाहीएको सहयोग प्रदान गरिने छ।

#### (५) बिरामी बच्चा अथवा बिरामी ठीक भएपछिका बच्चा को हेरचाह (शुल्क अनिवार्य )

【सोधपुछ】 नर्सरी सेवा डिभिजन ☎03-5744-1277
हेरचाह केन्द्र सम्म बिरामी भएर वा अभिभावक ले नभ्याएर पुग्न नसक्ने बच्चा हरुलाई यो सँस्थाले हेर्नेछ तर सर्तहरु लागु हुने छन। रोग अनुसार कुनै बाल बालिका हरु अयोग्य ठहरिन सक्ने छन

#### (६) बिदाको दिनमा हेरचाह:

बिदाको दिनमा अभिभावकको काम ले गर्दा बच्चा हेर्न नभाउने बालबालिकालाई हेरचाह गरिन्छ । स्थानिय मान्यता प्राप्त नर्सरी जाने कम्तिमा १ बर्षका बालबालिकाहरुको लागि मात्रा।


#### (७) पारिवारिक कल्याण कार्यकर्ता (होइकु ममी) (शुल्क अनिवार्य)

【सोधपुछ】 नर्सरी सेवा डिभिजन ☎03-5744-1643
यो जागरि खाएको, जागरि खोजेको वा सुत्केरीको कारण दनिको समयमा बच्चाको (जन्मेपछि ४३ दनिदेखि २ वर्ष पूरा नभएसम्म) हेरचाह गर्न गाहरो भएको खण्डमा होइकु ममीले आफ्नै घरमा वा ग्रुप नर्सरी रूममा हेरचाह गर्ने प्रबन्ध हो। खाना चाहीँ आफै ल्याउनु पर्छ।

११

(२) किन्डरगार्टेन :

शिक्षाको पानामा हेर्नुहोस । (प९०)



(३) बालबालिकाको केन्द्रहरु :

【सोधपुछ】बाल हेरचाह सहयोग डिभिजन

यहाँ शिशु , आमाहरु ,प्राथमिक र जुनियर हाई स्कुल का बिद्यारथीहरु सँगै खेल्ने , समय बिताउने र साथी बनाउने गर्छन् । आईतबार , सार्वजनिक बिदा( बाल दिवस बाहेक ५ मई) र डिसेम्बर २९ देखी जानवरी ३ सम्म संस्था बन्द हुनेछ । यो केन्द्र शिशु र उसको आमाबुबा, प्राथमिक र माध्यमिक विद्यालयको विद्यार्थीहरूको लागि सँगै खेल्ने, समय बिताउने र साथी बनाउने ठाउँ हो। आइतबार, सार्वजनिक बिदाको दिन (मे ५ तारिख《बाल दिवस》बाहेक) र  डिसेम्बर २९ तारिखदेखि जनवरी ३ तारिखसम्म केन्द्र बन्द हुनेछ।

(४) बिध्यालय पस्यात हेरचाह कार्यक्रम (शुल्क अनिवार्य)

【सोधपुछ】शिक्षा समग्र विभाग ☎03-5744-1273

अभिभावक कामको कारणले अथवा अरु कुनै  कारणले आफ्नो बच्चाको  हेरचाह  गर्न नसकेमा उक्त बच्चाहरु ले बिद्यालय पस्चात बालबालिका केन्द्र,  बिद्यालय पस्चातका क्लबहरु वा ओताक्को हीरोबामा रहेका हेरचाह कार्यक्रम अन्तर्गतका सेवाहरु पाँउछन । यो शुल्क अनिवर्य कार्यक्रम हो । विस्त्रित जानकारीको लागि संपर्क गर्नुहोला ।

(५) बाल र पारिवार सहयोग केन्द्र :

यो केन्द्र ले बाल बालिका को लागि परामर्श र अन्य सेवाहरु प्रदान गर्छ ।

(१) बाल बालिका र परिवार सहायता केन्द्र :

०～१८ वर्षसम्मका बालबालिका र उसको परिवारले सामना गर्ने समस्याबारे (फोनमा वा केन्द्रमा भेटेर) सल्लाहकारसँग विभिन्न किसिमको परामर्श लिन सक्छ। बच्चाको स्याहारसुसार समग्रमा विद्यालय, साथी, जीवनशैली आदि। बच्चाहरूले पनि परामर्श लिन सकिन्छ। (आफ्नो नाम नदिई परामर्श लिन सकिन्छ)। परामर्श लिन केन्द्रमा आउनुअघि सम्पर्क गर्नुहोला।

(२) कोसोदाते हिरोबा :

ओता शहरमा बस्ने ०-देखी ३ बच्चा हुर्काउने क्रममा अभीभावकलाई पर्ने समस्या ,डर , चिन्ता सँग सम्बन्धित परामर्श लिना सक्नु हुनेछ ।

(३) परिवार सहयोग ओता (शुल्क अनिवार्य) :

बच्चाको स्याहारसुसारको लागि सहयोग चाहिने व्यक्ति (उपभोग सदस्य) र सहयोग गर्न चाहने व्यक्ति (प्रस्तुत सदस्य) ले सदस्य दर्ता गरी सदस्यहरू एकआपसमा सहयोगको आदानप्रदान गर्ने बच्चाको स्याहारसुसार सहयोग सञ्जाल हो।

### (४) अस्थाई बाल-बच्चा हेरचाह केन्द्र (शुल्क अनिवार्य):

अस्थाई बाल-बच्चा हेरचाह र नियमित प्रयोग हुने बाल-बच्चा हेरचाह केन्द्र उपलब्ध छन।

| सुविधा नाम र स्थानहरु | सेवाहरू | | | |
|---|---|---|---|---|
| | (१) परिवार र बच्चाहरुका लागि व्यापक परामर्श | (२) बच्चा हुर्काउने सुचना प्लाजा | (३) परिवारको सहयोग ओता | (४) बालबालिका का लागि आस्थाई उपचार कक्ष |
| किड्स-ना ओमोरी : ओमोरी-किता ४-१६-५ | सोम-शुक्र: ९:००-१८:००<br>शनि: ९:३०-१८:००<br>☎03-5753-7830 | सोम-शुक्र १०:०० - १७:००<br>☎03-5753-7830 | सोम-शनि ९:००-१८:००<br>☎03-5753-1152 (अड्डा) | अस्थायी बालबालिका हेर्चाह सोम-शनि ९:००-१८:००<br>नियमित बालबालिका हेर्चाह सोम-शनि ८:३०-१८:००<br>☎03-5753-0805 |
| किड्स-ना सेन्जोकुइके: कामी इकेदाई २-३५-१८ | सोम-शनि १०:००-१८:००<br>☎03-5754-7830 | सोम-शुक्र १०:०० - १७:००<br>☎03-5754-7830 | — | — |
| किड्स-ना कामता: २फ साकाइ फुकुशी केन्द्र निशी कामता ७-४९-२ | सोम-शनि १०:००-१८:००<br>☎03-5714-1152 | सोम-शुक्र १०:०० - १७:००<br>☎03-5714-1152 | — | — |
| किड्स-ना रोकुगो: ३फ रोकुगो सामुदायीक कृयाकलाप प्रवर्धन केन्द्र नाका - रोकुगो २-४४-११ | सोम-शनि १०:००-१८:००<br>☎03-6715-7830 | सोम-शनि १०:०० - १७:००<br>तेश्रो शनिबार १४:०० बजे सम्म<br>कुनै शनिबार खुल्ल हुँदैन<br>☎03-6715-7830 | — | अस्थायी बालबालिका हेर्चाह सोम-शनि ९:००-१८:००<br>नियमित बालबालिका हेर्चाह सोम-शनि ८:३०-१८:००<br>☎03-3733-1152 |

※ " कि ड्स-ना" बच्चा र परिवार सहयोग केन्द्र को उपनाम हो ।

※ आइतबार, बिदाको दिन, वर्षान्त तथा नयाँ वर्षका सुरुका दिनहरुमा बन्द हुन्छ।

११

# ४ बाल मेडिकल केयरको लागि भत्ता र छुटका कार्यक्रम

## (१) शिशु रोगको लागि चिकित्सा खर्चमा छुट

【सोधपुछ】क्षेत्रीय स्वास्थ्य डिभिजनहरू (प१६)

| छुटको प्रकार | कार्यक्रमको लागि योग्यता : १८ बर्ष भन्दा कम उमेरका बच्चाहरु |
|---|---|
| शिशुहरुको दिर्घकालिन रोगहरु | जन्मजात रोग,मुटुको रोग, बालबालिकाको क्यान्सर, मिर्गौला बिफलता , चिनी रोग, नेफ्रोसिस र अन्य रोगहरु |
| मेडिकल सेवाहरु शिशुहरुलाई अस्पातल भर्ना गर्दाका फाईदाहरु | हाडजोर्निमा अथवा ठाँउमा क्षयरोग लागेका बालबालिकाहरु र जो अस्पताल बस्न मान्यता प्राप्त छन |
| मेडिकल (बालबालिका हुर्काउने मेडिकल सेवा ) आत्म निर्भरता | हाडजोर्निको दुर्बलता , दृष्टि, श्रुती , वाणी र भोजनको अबरोध भएका बाल बालिकाहरु अथवा मुटु, मिर्गौला , सानो आन्द्रा ,कलेजो र शरीरको प्रतिरक्षाको क्षमता बिग्रेको अथवा अरु कुनै आन्तरिक अङ्को गडबडी भएको र कुनै तोकिएको संस्थामा सल्यक्रीया गरेर सुधार हुनसक्ने भएमा अंत्म- नुर्भरताका लागि तोकिएको मेडिकल संस्थामा गराउन सकिन्छ |
| शिशुहरुको मानसिक रोग | मनोचिकित्सक वार्डमा भर्ना भई मानसिक रोगको उपचार गराई रहेका बाल बच्चाहरु। |

## (२) बच्चाको लागि मेडिकल खर्चमा छुट:

【सोधपुछ 】बाल हेरचाह सहयोग डिभिजन ☎03-5744-1275

अभिभावकले निवेदन दिए पछी मेडिकल केयर प्रमाण पत्र जारी गरिनेछ । बच्चाको स्वास्थ्य उपचार गराए पछी आँफै ले तिर्ने रकममा उक्त प्रमाणपत्र टोकियो महानगरपालिका क्षेत्रको कुनै पनि मेडिकल संस्थामा बुझाएपछी सो रकममा छुट पाइनेछ

| प्रकार | ㊙乳 नवजात शिशु मेडिकल केयर प्रमाणपत्र | ㊙子 बाल मेडिकल केयर प्रमाणपत्र | ㊙青 युवायुवती मेडिकल केयर प्रमाणपत्र |
|---|---|---|---|
| योग्यता | प्री-स्कुल ० बर्ष देखी ६ ठौं जन्म दिनको मार्च ३१ सम्म | बच्चाको ६ ठौं जन्मा दिन को पहिलो अप्रिल १ देखी जुनियर हाई स्कुल वा १५ द्रौं जन्म दिनको मार्च ३१ पछाडि | १५ वर्ष पूरा भएको दिनपछिको पहिलो अप्रिल १ तारिखदेखि १८ वर्ष पूरा भएको दिनपछिको पहिलो मार्च ३१ तारिख सम्मका बच्चा |
| मेडिकल केयरको प्रमाण पत्रको योग्यताको जारी मिति | ओता शहरमा बसाई-सराई गरेको वा बच्चा जन्मेको ६ महिना भित्र नोवेदन पेश गरेमा बच्चा जन्मिनु अधी र सो भन्दा पछी वा ओता वार्ड मा बस्न सुरु गरेपछि लागेको उपचार खर्चमा छुट दिईनेछ ।<br>ओता शहरमा बसाई-सराई गरेको वा बच्चा जन्मेको ६ महिना पछी नोवेदन पेश गरेमा | | |
| छुटको दायरा | स्वास्थ्य बमिा लागू हुने चकिति्सा खर्चमध्ये आफै बेहोर्नु पर्ने भाग र भर्ना भएको बेला आहारको मानक खर्च | | |

## (३) बच्चासँग संबन्धित सहुलियत कार्यक्रम:

तल दिईएका सहलु ि यत प्राप्त गर्न निवेदन दिनुहोला :
निवेदन बुझाएको अर्को महिनाबाट पैसा प्राप्त गर्न सकिन्छ । योग्यता र सब्सिडीको रकमबारे विस्त्रित जानकारीका लागि संपर्क राख्नु होला ।

| प्रकार | | योग्यता | सोधपुछ |
|---|---|---|---|
| बालबालिका लाई दिईने भत्ता | | जुनियर हाई स्कुल सिद्धिनु अघि सम्मको (१५ वर्ष पूरा भएको दिनपछिको पहिलो मार्च ३१ तारिख सम्म) बच्चा | बच्चाहरुको लागी चिकित्सा केयर साखा, बाल हेरचाह सहयोग डिभिजन ☎03-5744-1275 |
| बच्चा -पाल्ने भत्ता | बच्चा हुर्काउने भत्ता | एकल अभिभावक भई बच्चा १८ बर्ष पुगेको बर्षको मार्च ३१ सम्म( गम्भिर असक्तता भएको परिवारको सदस्य पनि पर्दछन। ) | बालवालिका हुर्काउने साखा बाल हेरचाह सहयोग डिभिजन ☎03-5744-1274 |
| | असक्त बच्चाहरुका लागि भत्ता | २० वर्ष भन्दा कम उमेरको अशक्त बच्चा भएको परिवार | |
| बालबच्चा सहयोग भत्ता | | एकल अभिभावक भई बच्चा १८ बर्ष पुगेको बर्षको मार्च ३१ सम्म( गम्भिर वा सामान्य असक्त बच्चा भएको परिवार ) (गम्भिर असक्त बच्चा भएको दुबै अभिभावक भएको परिवार ) | |
| विशेष बालबच्चा सहयोग | | २० बर्ष मुनिको शारीरिक/मानसिक असक्तता भएको बच्चाको परिवार | |
| असक्तका लागि कल्याण भत्ता | | २० बर्ष मुनिका गम्भिर असक्त भई घरैमा निरन्तर हेरचाह चाँहिने परिवार | असक्षम वासिन्दाहरूको कल्याण डिभिजन ☎03-5744-1251 क्षेत्रीय कल्याण र सेवा डिभिजन (प१६) |

※ बच्चाको भत्ता प्राप्त गर्नका लागि बच्चा जन्मिएको १५ दिन भित्र अथवा कोठा सरेको खन्डमा नयाँ ठेगाना दिनुपर्नेछ । अर्को महीनाबाट सोही ठेगानामा पैसा प्राप्त हुन्छ ।
※ रेइवा ६ साल अक्टोबर पछि बच्चाको भत्तालाई संशोधन गरिने योजना छ। विवरण निर्धारित भएपछि होमपेज आदिमा सूचना दिइनेछ।

## (४) अपरिपक्व शिशुको लागि पालनपोषण चिकित्सा

【सोधपुछ】 क्षेत्रीय स्वास्थ्य डिभिजन (प१६)

शारीरिक वृद्धि पूरा नभई जन्मेका अनि तोकिएको शर्तमा पर्ने खण्डमा चिकित्सा खर्चको पूरै भाग वा केही भाग छुट पाउने अवस्था पनि हुन सक्छ।

## (१) जापानको शिक्षा प्ररणली

जापानी बिद्यालयको शिक्षा ६-३-३-४ संरचनामा आधारित छ। जस अन्तर्गत ६ बर्ष प्राथमिक विद्यालय, ३ बर्ष जुनियर हाई , ३ बर्ष हाई स्कुल र ४ बर्ष युनिभर्सिटी शिक्षा पर्छ । शैक्षिक शत्र अप्रिल मा सुरु भएर अर्को बर्षको मार्च मा समाप्त हुनेछ ।

## (२) किन्डरगार्टेन

【सोधपुछ】निजी बिध्यालय व्यवस्थापन साखा, शैक्षिक मामला डिभीजन ☎03-5744-1619

३ देखी ५ बर्ष सम्मका प्राथमिक बिध्यालय जानु अघी का बालबालिकाहरु जाने शैक्षिक संस्थालाई किन्डरगार्टेन भनिन्छ ।

### (१) निजी किन्डरगार्टेन जाने बच्चा भएको अभिभावकलाई अनुदान रकम तथा सहयोग रकम

निजी किन्डरगार्टेन जाने बच्चा भएको अभिभावक (ओता शहरमा निवासी दर्ता गरेको व्यक्ति) लाई सहयोग रकम आदि प्रदान गरिन्छ। आवेदनको प्रक्रिया आदिबारे जानकारी किन्डरगार्टेनमार्फत दिइने छ।

[उपलब्ध छुटका कार्यक्रमहरु निम्न छन । ]

○भर्ना शुल्कमा दिईने छुट। ( एक पटक प्रती बच्चा भर्न गर्दा दिईने छुट। )

○बच्चाको स्याहारसुसारको लागि सुविधा केन्द्रहरू आदि प्रयोग प्रदान (सानो बालबालिका शिक्षा निःशुल्क प्रदान प्रणाली)

○अभिभावकको आर्थिक भारी गिरावट सहयोग रकम (बच्चाको स्याहारसुसारको लागि सुविधा केन्द्रहरू आदि प्रयोगको थप सुविधा प्रदान गरिने सहयोग रकम)

## (३) प्राथमिक बिध्यालय र जूनियर हाई स्कूल

【सोधपुछ】बिद्यालय प्रवेश र निर्देशन साखा, बिध्यालय मामला डिभिजन ☎03-5744-1429

ओता शहरमा ५९ वटा नगरपालिका द्वरा सन्चालित प्राथमिक बिध्यालय र २८ वटा जूनियर हाई बिध्यालय हरूँ छन । विदेशी बालबालिका लाई बिध्यालयको शिक्षा अनिवार्य छैन । यध्यपी, ओता वार्ड मा निवासी दर्ता भएका बालबालिकाहरु लाई नगरपालिका को प्राथमिक बिध्यालय र जूनियर हाई स्कुल ले भर्ना लिने छन ।

### (१) स्थानिय प्राथमिक अथवा जूनियर हाई स्कूल मा भर्न वा अरु बिध्यालयमा सरेमा :

**चाहिने कागजातहरू:** छोरा वा छोरीको रेजिडेन्ट कार्ड वा विशेष स्थायी निवासी प्रमाणपत्र र पासपोर्ट

उक्त सम्पूर्ण कागजात लिएर बिध्यालय मामला डिभिजन, बिध्यालय प्रवेश र निर्देशन शाखा (निस्सेइ आरोमा स्कवेयर पाँचौं तल्ला) मा प्रक्रिया गर्नुहोस्। शिक्षा बोर्डले दिइएको आवेदनअनुसार बच्चाले जाने विद्यालयको निर्दिष्ट आदि गर्नेछ।

※ राष्ट्रिय, निजी वा टोक्यो महानगरद्वारा सञ्चालित विद्यालयमा भर्नाका लागि सम्बन्धित विद्यालयलाई प्रत्यक्ष रूपमा सम्पर्क गर्नुहोस्।

### (२) बिध्यालय को फिस

अभिभावकले दिनु पर्ने चाहिँ स्कुलमा चाहिने सामानहरू / पूरक शिक्षण सामग्रीहरू, पिकनिक र शैक्षिक भ्रमणका खर्चहरू हुन्।

### (३) बिध्यालय को हाजिर सहयोग प्रणाली :

ओता वार्डमा बस्ने अभिभावक मध्ये प्राथमिक वा जुनियर हाई स्कुलमा जाने बच्चाको स्कुल खाना वा स्कुलमा चाहिने सामान किन्न आर्थिक समस्या परेकाहरूलाई खर्चको केही अंश बेहोर्न मदत गर्ने प्रबन्ध छ।

### (४) ओता बालबालिका जापानी भाषा कक्षा

ओता शहरमा बस्ने बिध्यालय मा अध्ययनरत अथवा प्राथमिक विद्यालयमा भर्ना हुनुभन्दा ६ अगाडिदेखि भर्ना हुने समयसम्मका जापानी भाषा राम्रोसित बोल्न र सुनेर बुझ्न नसक्ने बच्चाहरूको लागि जापानी भाषाको कक्षा सञ्चालन गरिएको छ। ओमोरी कक्षा र कामाता कक्षा छन्। विस्तृत जानकारीको लागि वेबसाइट हेरेर पक्का गर्न वा सोधपुछ गर्न सक्नुहुन्छ।

### (५) प्राथमिक स्कुलमा भर्ना हुनु अघिको ओरिएन्टेशन (orientation)

विदेश पृष्ठभूमि भएको बच्चाको आमाबुबाका लागि जापानी स्कुल जीवन तथा भर्ना हुनु अघि गर्नुपर्ने तयारी आदिको जानकारी दिई जापानको प्राथमिक स्कुल सम्बन्धी जानकारी बढाएर  चिन्ता कम गर्न प्राथमिक स्कुल भर्ना हुनु अघिको ओरिएन्टेशन संचालन गरिएको छ। विस्तृत जानकारीको लागि वेबसाइट हेरेर पक्का गर्न वा सोधपुछ गर्न सक्नुहुन्छ।

### (६) जापानी भाषाको कक्षा "स्कुलले दिने कागज पढौँ"

विदेश पृष्ठभूमि भएको बच्चाको आमाबुबाका लागि स्कुलमा वितरण गरिने कागज पढ्ने तरिका र स्कुलमा चलाइने विशेष शब्दहरूको अर्थ आदि सिक्ने कक्षा

### (७) बच्चाको पढाइ सहयोग कक्षा

स्वयम् सेवक सँगसँगै होमवर्क वा जापानी भाषाको अध्ययन गर्न सकिन्छ। जापानी भाषा सिकिरहेका बच्चाहरूले भाग लिन सक्छन्।

### (८) गर्मी बिदा अध्ययन सहयोग कक्षा

जापानी भाषा सिक्दै गरेका बच्चाहरूलाई गर्मी बिदाको होमवर्क गर्न मदत गर्ने कक्षा

(६) - (८) बारे, कक्षा संचालन गरिने समय अनुसार आवेदन दिने समयावधि पनि फरक हुन्छ। विस्तृत जानकारीको लागि वेबसाइट हेरेर पक्का गर्न वा सोधपुछ गर्न सक्नुहुन्छ।

जापानमा प्राथमिक बिध्यालय जान थालेपछि प्रायः बच्चाहरू एक्लै विद्यालय जाने र आउने गर्छन्। त्यसैले कुनै आपत्कालीन स्थितिमा पर्दा बच्चा आफैले मदत खोजेर जान सक्ने स्थलहरूको राम्रो जानकारी हुनु आवश्यक छ। आफ्नो बच्चालाई नजिकको प्रहरी चौकीको ठेगाना सिकाउनुका साथै "कोदोमो SOS घर (कोदोमो SOS नो-इए)" लेखिएको स्टिकर टाँसिएको नजिकको पसल, निजी घर वा कोम्बिनी आदिको जानकारी आफ्नो बच्चालाई दिइराख्नुहोस्।




कोदोमो SOS" घर स्टिकर

## (४) हाई स्कुल र युनिभर्सिटी:

जापान मा अनिवार्य शिक्षा (प्राथमिक र जुनियर हाई )पढे पछी प्राय सबै विद्यार्थीहरु हाई स्कुल पढ्न जान्छन( नियमित जाने बिध्याथी ३ बर्ष र पार्ट टाइम जानेहरु ४ बर्ष)। धेरै बिध्याथी युनिभर्सिटी वा प्राविधिक कलेज हाई स्कुल शिक्षा सकेर पढ्छन ।

## (५) ओता वार्ड छात्रवृत्ति प्रणाली

【सोधपुछ】 कल्याण व्यवस्थापन डिभिजन
☎03-5744-1245

विशिष्ट बिध्यालय को प्राविधिक पाठ्यक्रम, विश्व बिध्यालय आदिमा भर्ना गर्ने क्रममा भएको वा अध्ययनरत बिध्याथी मध्हे आर्थिक कारणले बिध्यालयमा भर्ना गर्न कठिनाइ भएका व्यक्तिलाई छनौट गरेपछि ओता वार्ड ले शैक्षिक शुल्कको लागि ऋण प्रदान गर्नेछ। साथै हाई स्कुल आदिमा भर्ना हुने योजना हुनेहरूमध्ये एक निश्चित सर्त पूरा गर्नेलाई छनौट गरेपछि ८० हजार येन अनुदान भुक्तानी गरिनेछ।
साथै विश्वविद्यालय जान चाहेको अनि तोकिएको योग्यता पूरा गरेको मध्ये छनोट गरिएको व्यक्तिलाई १ लाख ५० हजार येन अनुदान दिइनेछ।

## (६) अन्य छात्रवृत्ति कार्यक्रमहरू

| सब्सिडी कार्यक्रमहरू | सोधपुछ | |
|---|---|---|
| महानगरीय छात्रवृत्ति | सार्वजनिक लाभ सम्मिलित संस्था, टोक्यो महानगर निजी विद्यालय सम्मिलित संस्था, छात्रवृत्ति कोष शाखा | ☎03-5206-7929 |
| जापान बिध्याथी सेवा संस्था छात्रवृत्ति | छात्रवृत्ति परामर्श केन्द्र | ☎0570-666-301 |
| महानगरीय आमा र बच्चा , बुबा र बाल कल्याण कोष | स्वतन्त्र प्रशासनिक निगम जापान बिध्याथी सहयोग संगठन, सामाजिक कल्याण डिभिजन (प१६) | |
| शैक्षिक सहयोग कोष | ओता वार्ड सोसायटी कल्याण एसोसिएशन | ☎03-3736-2026 |
| राष्ट्रिय शैक्षिक ऋण | जापान फाइनान्स कर्पोरेसन, ओमोरी शाखा, राष्ट्रिय जीवन परियोजना | ☎0570-026894 |

### निजी उच्च बिध्यालय खर्चहरू सब्सिडी गर्न सब्सिडी कार्यक्रमहरू:

| सब्सिडी कार्यक्रमहरू | सोधपुछ | |
|---|---|---|
| निजी हाई स्कुल आदि बिध्यालय शुल्क गिरावट सहयोग रकम परियोजना | टोक्यो महानगर निजी बिध्यालय भर्ना सहयोग रकम केन्द्र बिध्यालय शुल्क गिरावट सहयोग रकम शाखा | ☎03-5206-7925 |
| भर्ना तयारी खर्च ऋण प्रणाली | सार्वजनिक लाभ सम्मिलित संस्था, टोक्यो महानगर निजी बिध्यालय सम्मिलित संस्था बिध्यालय भर्ना तयारी रकम शाखा | भर्ना हुने बिध्यालय सँग सम्पर्क गरी जानकारी प्राप्त गर्नुहोस्। |

## टिप्पणी